मध्यान्ह
राष्ट्रिय दैनिक



# नेपाल–कतार सम्बन्ध विशेष



२०८१ वैशाख ११, मंगलबार (23 April 2024, Tuesday) | Madhyanha National Daily | www.madhyanhadaily.com



# सम्बन्ध सुदृढ बनाउने अवसर



■ मदनकुमार श्रेष्ठ

मध्यपूर्वी देश कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी दुई दिने नेपाल भ्रमणका लागि आज (मंगलबार) काठमाडौं आउँदैछन् । फिलिपिन्स र बंगलादेशको भ्रमण सकेर काठमाडौं आउन लागेका कतारका अमिर बुधबार स्वदेश फर्कदैछन् ।

कतारका तर्फबाट नेपालमा हुन लागेको यो अहिलेसम्मकै उच्च भ्रमण हो । नेपालबाट भने पूर्व राष्ट्रपतिहरु रामवरण यादव र विद्यादेवी भण्डारीले कतारको भ्रमण गरिसकेका छन् । तर कतारका राष्ट्रप्रमुख नेपाल आएका थिएनन् । त्यसैले कतारका तर्फबाट हुने यो ऐतिहासिक भ्रमण हो । अझ भनौं कतारको मात्र होइन समग्र खाडी क्षेत्रबाटै हुन लागेको यो स्तरको पहिलो भ्रमण हो ।

परराष्ट्र मन्त्रालयले आइतबार मात्रै जारी गरेको बक्तव्य अनुसार, कतारका अमिरले नेपाल भ्रमणका क्रममा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गर्नेछन् । भेटवार्ता दुई देशबीचको सम्बन्ध सुधारमा केन्द्रीत हुने जनाइएको छ । सरकारले कतारी अमिरको भ्रमणको अवसरमा भने मंगलबार सार्वजनुक बिदा घोषणा गरेको छ । यस बाहेक थप जानकारी परराष्ट्र मन्त्रालयले दिएको छैन ।

जबकी कतारका अमिरले गर्न लागेको भ्रमण नेपालका निम्ति आफैमा ऐतिहासिक अवसर समेत हो । किनकि नेपाली समाजको ठूलो हिस्सासँग कतारको प्रत्यक्ष सम्बन्ध स्थापित भइसकेको छ । संभवतः अहिले त्यस्तो कुनै गाउँ बाँकी छैन, जहाँका युवा कतार नपुगेका होओस् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सन् २०२३ मा बाहिरिनेहरुको प्रतिवेदन हेर्दा पनि कतारसँगको नेपाली सम्बन्ध बुझ्न सकिन्छ । अध्यागमन विभागले तयार पारेको उक्त प्रतिवेदन हेर्दा नेपालीहरुको तेस्रो गन्तव्य मुलुक हो, कतार । उक्त प्रतिवेदनले युएई र भारतपछि धेरै नेपाली पुगेको मुलुक कतार नै भएको देखाएको छ ।

सन् २०२३ मा एक लाख ९२ हजार ८८९ जना कतारबाट फर्किएका छन् भने एक लाख ७९ हजार ४४१ जना कतार प्रस्थान गरेका छन् । कतार जाने मध्ये अत्यन्तै सानो संख्या मात्रै रोजगार बाहेकको प्रयोजनका निम्ति गएका छन् । ठूलो संख्या रोजगारकै निम्ति कतार गएका हुन् । विभिन्न प्रतिवेदनका अनुसार, अहिले साढे तीन लाख नेपाली कामदार कतारमा रहेको अनुमान छ ।

त्यसैले कतारका अमिरको गर्ने नेपाल भ्रमण अर्थपूर्ण छ । तर बलियो परराष्ट्र नीति र समायानुकुल कुटनैतिक सम्बन्ध बनाउन बारम्बार चुक्ने गरेको नेपालका तर्फबाट यो भ्रमणलाई आवश्यक महत्व दिएको देखिदैन । यदि त्यस्तो हुन्थ्यो भने कतारका अमिरको नेपाल भ्रमणबारे पूर्व जानकारी दिन सरकारले यति ढिलाइ गर्ने थिएन ।

पाहुनाको स्वागत, सम्वादका एजेण्डा, भेटवार्ताका पूर्वनिर्धारित प्रचार र सम्झौताका पूर्वतयारीबारे पर्याप्त गृहकार्य गरिने थियो । यस्ता पूर्व गतिविधिको उद्देश्य कतारका अमिरलाई प्रशन्न बनाउने विषयमा मात्र सीमित हुने थिएन । बरू कतारमा रहेका नेपालीहरुले पाउने सेवासुविधा, जीवन सुरक्षा र थप अवसरको लाभ उठाउन उपयोगी हुने थियो ।

अधिकारमा केन्द्रीत भएर वार्ता गर्दा पनि नेपाली कामदारको सेवासुविधा, सुरक्षा र अवसर कतारको दायित्व भएको बुझाउने यो उपयुक्त मौका पनि हो । किनकि रेमिट्यान्समा कतारले नेपाललाई सहयोग गरेपनि नेपाली कामदारहरुबाट कतारले आफ्नो वैभव यात्रालाई अगाडि बढाएको बिर्सन मिल्दैन ।

सन् २०२२ को विश्वकप फुटबल प्रतियोगिताकै कुरा गर्दा पनि नेपाली कामदारको योगदान बाँकी पृष्ठ ख मा...

> कतारका अमिरले गर्न लागेको भ्रमण नेपालका निम्ति आफैमा ऐतिहासिक अवसर हो । किनकि नेपाली समाजको ठूलो हिस्सासँग कतारको प्रत्यक्ष सम्बन्ध स्थापित भइसकेको छ । संभवतः अहिले त्यस्तो कुनै गाउँ बाँकी छैन, जहाँका युवा कतार नपुगेका होओस् ।



कतारले सम्झनु पर्छ। नाकाबन्दीकै तहमा उत्रिएर विश्वकप गराउन असफल सावित गराउन पश्चिमा शक्ति लाग्दा समेत नेपाली कामदार समेतको श्रमशक्तिले कतार सफल भएको थियो। त्यसबाहेक सानो मुलुक भएपनि विकासको दौडमा उत्रिएको कतारको भौतिक संरचना निर्माणमा नेपाली श्रमिकको पसिना असाध्यै धेरै बगेको छ।

त्यसैले आगामी दिनमा पनि एकअर्काबीच श्रम-मूल्य सहकार्यलाई थप मजबुत बनाउन पनि कतारका अमिरले गर्ने भ्रमण अर्थपूर्ण छ। तर राजनीतिक अर्थ र सम्बन्ध राख्ने मुलुकका नेताले गर्ने भ्रमणलाई मात्र बढी महत्व (ठूलो प्रचार सहित) दिने नेपाली नेतृत्वले यसतर्फ आवश्यक ध्यान दिएको देखिदैन। खाली यो भ्रमणको विषय परराष्ट्र मन्त्रालयको जिम्मेवारीका रुपमा मात्रै हेरिएको अनुभव गर्न सकिन्छ।

जबकी रेमिट्यान्सकै कारण भएपनि कतारसँगको सम्बन्ध नेपालीको घरघरसम्म बिस्तार भइसकेको छ। प्राविधिक सीप र शैक्षिक योग्यता कमजोर (न्यून अथवा हुँदै नभए पनि) श्रम बेचेर परिवारमा खुशी ल्याउन चाहने नेपाली नौजवानको भविष्यकै खातिर पनि कतारका अमिरको भ्रमणलाई आवश्यक ध्यान दिन आवश्यक छ। किनकि जनताको खुशी र सुरक्षित भविष्य सत्ताको दायित्व हो। सँगै, मुलुकको अर्थतन्त्रको सुधार र गरिबी अन्त्यका निम्ति कतारबाट पुगिरहेको सहयोग सम्झदा पनि यो भ्रमणले महत्व पाउन आवश्यक छ।

हुनत बदलिदो विश्व व्यवस्थाका कारणले श्रम-मूल्य सहकार्य यो तहमा नभए पनि कतारसँग हामीले परराष्ट्र सम्बन्ध स्थापित गर्नुपर्ने थियो। सन् २००० मा नेपालले कतारमा र कतारले सन् २०११ मा काठमाडौंमा दूतावास सञ्चालन गरेर कुटनैतिक सम्बन्ध कायम गरिसकेकै छौं। तर नेपाल-कतार सम्बन्ध अरु धेरै देशहरु भन्दा विशिष्ट बनिसकेको छ। जसको मूल कारण फेरि पनि कतारको वैभवमा नेपालीको योगदान र नेपालीहरुलाई रोजगारीमा कतारको योगदान नै हो।

त्यसैले यो भ्रमणका क्रममा यसअघि परराष्ट्र (विदेश मन्त्रालय) तहमा भएका सम्झौता र सहमतिहरुलाई थप सुदृढ बनाउनेगरी उपयोग गरिनु आवश्यक छ। जसले कतारका अमिरको नेपाल भ्रमणलाई दुई देशको सम्बन्ध र इतिहासमा दीर्घकालसम्म यादगार बनाउनेछ। कतारका बिशिष्ठ पाहुनलाई न्यानो स्वागत, कतारी अमिरको यो भ्रमण पूर्ण सफल रहोस्, हाम्रो पनि कामना !




We Hearty
WELCOME TO
His Highness
SHEIK TAMIM BIN
HAMAD AL THANI
the Emir of the State of
Qatar, here in
KATHMANDU,NEPAL.
May the bond between
Qatar and Nepal last a lifetime.
Rajendra Bhandari
President
Meghnath Bhurtel
General Secretary
NEPAL ASSOCIATION OF FOREIGN EMPLOYMENT AGENCIES
NEPAL
2049
Nepal Association of Foreign
Employment Agencies, Family
Tilganga-8, Kathmandu, Nepal

# मध्यपूर्वको कान्छो नेता शेख तमीम



■ मोहम्मद रमजान अली मिया

प्रायः सबै अन्तर्राष्ट्रिय मञ्चमा देखिने अग्लो कद, उज्यालो मुहार र हँसिलो अनुहारका साथ मुस्कुराइ रहने कतारका अमीर शेख तमीम बिन हमद अल थानीको जन्म सन् १९८० जुन ३ तारिखका दिन कतारको दोहामा भएको थियो ।

शेख तमीमका धेरै विशेषता र उल्लेख्य सेवा र कार्यहरू छन्, ती सबैलाई लेख्ने हो भने एउटा पुस्तक नै तयार हुनेछ । मध्यपूर्व खाडी राष्ट्रहरू मध्येकै कान्छा राजा शेख तमीम सन् २०१३ मा केवल जम्मा ३३ वर्षको कलिलै उमेरमा कतार जस्तो समृद्ध राष्ट्रको राष्ट्राध्यक्ष (अमीर) चयन भएका थिए ।

आफ्ना बुवा तथा कतारका पूर्व महाराज शेख हमद बिन खलीफा अल थानी र पूर्व महारानी एवम् कतार फाउन्डेसनकी संस्थापक प्रमुख निर्देशक शेखा मोजा बिन्त ए नासर अल मिस्नादका चौथो छोरा तमीम पहिलो पटक सन् २००५ मा वैवाहिक सम्बन्धमा बाँधिएका थिए । पहिली श्रीमती शेख जवाहर बिन्त हमद बिन्त सुहैम अल थानीबाट चार सन्तान मध्ये दुई छोरा र दुई छोरी रहेका छन् । शेख तमीम बिन हमद अल थानीका तीन रानीहरूबाट हालसम्म १२ सन्तान रहेका छन् ।

विश्वका धेरै भाषाहरूमा दखल राख्ने शेख तमीमले बेलायतबाट उच्च शिक्षा प्राप्त गरेका छन् । खेलकुदमा अत्यन्तै रुचि राख्ने युवा नेता शेख तमीम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदका कयौं संघ संस्थाका मानार्थ उच्च पदमा आसीन भइसकेका छन् । कतारको खेलकुद एवम् स्पोर्ट्सको विकासमा शेख तमीमको उल्लेख्य भूमिकालाई कहिल्यै भुल्न सकिँदैन । कतारको तीव्र विकास एवम् आधुनिकतामा शेख तमीमको भूमिका र योगदानलाई विश्वले नै अति महत्वपूर्ण नजरले हेरेको देखिन्छ । शेख तमीमको लगनशीलता र राष्ट्र प्रेमलाई हेर्दा आत्मैबाट भन्न मन लाग्छ- तिमी थियौ र त आज कतार छ ।

विश्वशान्तिको नारा र महान उद्देश्य लिएर अगाडि बढिरहेका शेख तमीमको अन्तर्राष्ट्रिय मञ्चहरूबाट व्यक्त धारणा र मन्तव्य अनि सन्देशहरू साँच्चै पढ्न र उच्च मनन् गर्न लायक छन् । जसलाई संसारका धेरै सफल नेताहरूले अनुसरण गर्दै सफलताको यात्रामा अगाडि बढिरहेका छन् । यसैकारण त शेख तमीम उच्च सम्मान र पदवीबाट पनि विभूषित तथा सम्मानित भइसकेका छन् ।



मानवतालाई प्रमुख स्थानमा राख्ने शेख तमीम उच्च तहका दानी व्यक्तित्वहरूको पहिलो पंक्तिमै पर्छन् । विश्वका कयौं कठिन र जटिल मुद्दाहरूमा उदारवादी सोच र सधैं न्यायको पक्षमा उभिने न्यायप्रेमी नेताको परिचय बनाएका तमीमलाई वास्तवमै अरबी भाषामा प्रयोग हुने महान् शब्द 'इमामुन आदिलुन व काइदुन जकिय्युन'को सच्चा हकदार एवम् प्रतिविम्ब मान्न सकिन्छ । उनकै सफल नेतृत्व र कुशल व्यवस्थापनमा दिनानुदिन विकास र प्रगतिको यात्रामा तीव्ररूपमा अगाडि बढिरहेको कतारले अत्यन्तै प्रतिकुल अवस्थाका बाबजुद पनि आफ्नो समृद्धिको यात्रालाई जसरी अगाडि बढाइरहेको छ, त्यो विश्व समुदायका निम्ति ठूलै सन्देश हुने कुरामा कुनै दुई मत नहोला ।

> अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रभावशाली भूमिका खेल्न सफल शेख तमीमलाई मध्यपूर्वकै शक्तिशाली मानिन्छ । प्रतिकूल परिस्थितिमा पनि सबैको हितमा दह्रो र बलियो कदम जमाउन सक्ने उनको शैलीलाई कतारी जनताले निकै सम्मानपूर्वक लिने गरेका छन् । आफ्नो देश र आफ्ना नागरिकप्रति उत्तरदायी र चिन्तित रहने शेख तमीम 'तमीम अल मज्द' अर्थात् तमीम नै महानको उपनामबाट प्रख्यात छन् ।

अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रभावशाली भूमिका खेल्न सफल शेख तमीमलाई मध्यपूर्वकै शक्तिशालीको रूपमा हेरिन्छ । प्रतिकूल परिस्थितिमा पनि सबैको हितमा दह्रो र बलियो कदम जमाउन सक्ने उनको शैलीलाई कतारी जनताले निकै सम्मानपूर्वक लिने गरेका छन् । आफ्नो देश र आफ्ना नागरिकप्रति उत्तरदायी र चिन्तित रहने शेख तमीम 'तमीम अल मज्द' अर्थात् तमीम नै महानको उपनामबाट प्रख्यात छन् ।

आफ्नो स्पष्ट विचार र धारणा विश्व जगत सामु राख्न सक्ने दूरदर्शी नेताले हालसम्म विश्वका अधिकांश प्रख्यात सञ्चार माध्यमहरूलाई आफ्नो आवाज दिइसकेका छन् भने ती राष्ट्रहरूको औपचारिक भ्रमण पनि गरिसकेका छन्, जुन ऐतिहासिक सम्बन्ध विस्तारका निम्ति कोषेढुंगा साबित भएको छ । कतारमा रहेका आप्रवासीहरूको हक अधिकार र सुरक्षित आप्रवासनका निम्ति अमीरका कदम र फैसलाहरूले उनको व्यक्तित्व र सोचलाई उच्च मापन गरेको छ ।

## शेख तमीमको अध्ययन

३ जुन १९८० मा दोहा, कतारमा जन्मिएका शेख तमीमले आफ्नै मुलुकबाट प्राथमिक र निम्न माध्यमिक शिक्षा प्राप्त गरेका थिए । त्यसपछि उनी बेलायतको शेरबोर्न स्कुलमा भर्ना भए । जहाँबाट उनले माध्यमिक शिक्षा पूरा गरेका थिए । सन् १९९८ मा ग्रेजुएट गर्दै रोयल मिलिटरी एकेडेमी अफ स्यान्डहर्स्टमा भाग लिए । स्यान्डहर्स्टबाट स्नातक गरेपछि उनी कतारको सशस्त्र बलमा सामेल भए । जहाँ उनको सैन्य र शैक्षिक अध्ययनलाई उनको नेतृत्व कौशल बढाउन व्यवहारिक अनुभवसँग जोडिएको थियो । अरबी भाषाको अतिरिक्त उनी हिज हाईनेस अंग्रेजी र फ्रेन्च दुवैमा धाराप्रवाह बोल्न सक्छन् ।

## उत्तराधिकारीको रूपमा

महामहिमको बलियो नेतृत्वको विशेषताले उनलाई ५ अगस्ट २००३ मा उत्तराधिकारीको रूपमा नियुक्त गर्न योग्य बनायो । उनी सशस्त्र बलको उपकमाण्डर एवम् इन चिफ पनि नियुक्त भएका थिए । त्यस बेलादेखि, उनले राजनीतिक तथा कूटनीतिक विषयको गहिरो जानकारी लिन फादर अमिरसँग काम गर्दै आएका थिए । अमिरको शौकहरूमा फाल्कनरी र कतारी र अरब सम्पदासँग सम्बन्धित खेलहरू समावेश छन् ।

शेख तमीम आफ्नो खेलकुद रुचिका लागि परिचित थिए, विशेषगरी फुटबल र टेनिसमा, र २००५ मा उनले कतार स्पोर्ट्स इन्भेस्टमेन्ट कम्पनी स्थापना गरे । शेख तमीमले दोहा २००६ एसियाली खेलकुदको आयोजक समितिको अध्यक्षता र २०२० ओलम्पिक खेलहरूको लागि कतार बिडको अध्यक्षता ग्रहण गरे । उनले सन् २०१४ मा विश्व पौडी च्याम्पियनसिप आयोजना गर्ने अधिकार र २०२२ मा विश्वकप आयोजना गर्ने प्रयासको पनि नेतृत्व गरे । डिसेम्बर २०११ मा, शेख तमीम बिन हमाद अल थानी आफ्नो तत्कालीन उप अमिर र युवराजको रूपमा राष्ट्रिय खेल दिवसको सन्दर्भमा २०११ को एमिरी संकल्प नम्बर ८० जारी गरे कतार भिजन २०३० लाई सुदृढ गर्ने र यसै अनुरूप प्रत्येक वर्षको फेब्रुअरीको दोस्रो मंगलबारलाई वार्षिक खेल दिवसको रूपमा स्वीकार गर्ने प्रावधान राखेको छ । विभिन्न खेलकुद गतिविधिहरूमा लोकप्रिय सहभागिताको आधारलाई विस्तार गर्दै सामुदायिक खेलकुदको अवधारणालाई सुदृढ पार्ने अभूतपूर्व प्रयास गरे ।

## सम्मान र पुरस्कार

उनले २००४ मा बहराइन राज्यको सर्वोत्कृष्ट सम्मान शेख इसा बिन सलमान अल खलिफा सहित विश्वका अन्य मुलुकबाट उत्कृष्ट सम्मान सहित अन्य धेरै उपाधि प्राप्त गरे । २००६ मा, इजिप्टियन अल-अहराम स्पोर्ट्स म्यागजिनद्वारा गरिएको सर्वेक्षणमा उनी अरब संसारको उत्कृष्ट खेलकुद व्यक्तित्वको रूपमा चुनिए । अर्को वर्ष, उनले ओलम्पिक काउन्सिल अफ एसियाको सर्वोच्च पदक पनि प्राप्त गरे ।

*(मिया, नेपाली समाज संयोजक तथा कानुनी परामर्शदाता तथा राष्ट्रिय मानवअधिकार आयोग कतारका आबद्ध छन् ।)*


We Hearty
WELCOME TO
His Highness
SHEIK TAMIM BIN
HAMAD AL THANI
the Emir of the State of
Qatar, here in
KATHMANDU,NEPAL.
May the bond between
Qatar and Nepal last a lifetime.
Hem Gurung
President
SOS Group Family
Dhapasi-5, Kathmandu, Nepal, Emil: info@sosgroup.com.np


We Hearty
WELCOME TO
His Highness
SHEIK TAMIM BIN
HAMAD AL THANI
the Emir of the State of
Qatar, here in
KATHMANDU,NEPAL.
May the bond between
Qatar and Nepal last a lifetime.
Kamal Kafle
Managing Director &
LINK INTERNATIONAL PLACEMENT SERVICE
Link International
Placement Service Pvt.Ltd. Family
Bansbari-3, Kathmandu, Nepal, Emil: info@linknepalmanpower.com


We hearty
welcome to His Highness
SHEIKH TAMIM BIN
HAMAD AL THANI
the Emir of the State of Qatar, here in
KATHMANDU, NEPAL
May the bond between
Qatar and Nepal last a lifetime.
Y.B. Rai
Chairman
INTERNATIONAL MANPOWER RECRUITMENT
Intelligence Solutions
International Manpower Recruitment Pvt. Ltd. Family
Gwarko, Lalitpur, Nepal
Email: info@imrsolution.com, www.imrsolution.com

# कूटनीतिक प्रभावकारिता बढाउँदै कतार



■ एकराज पाठक

> कतारले आफ्नो वैदेशिक सम्बन्ध तथा कूटनीतिमा पछिल्लो समयमा प्रभावकारी बनाएको छ । कतारको अर्थतन्त्रको आधार ग्याँस र तेल हो । तर पछिल्ला केही बर्षहरुमा उसले निर्यातमुखी आयोजनाहरु पनि अघि ल्याइसकेको छ ।

कतारका विदेशमन्त्री शेख मोहम्मद बिन अब्दुल्रहमान बिन जसिम थानीको निमन्त्रणमा सन् २०१७ मा नेपालका तत्कालीन परराष्ट्र मन्त्री डा प्रकाशशरण महत कतार भ्रमणमा गएका बेला कतारका अमिर शेख तमिम बिन हमाद अल थानीसँग पनि भेटवार्ता भएको थियो । त्यस भ्रमण दलमा म आफैँ पनि सहभागी हुने अवसर पाएको थिएँ । अमिरसँगको सो भेटका क्रममा उहाँले नेपालका जनशक्तिले कतारको विकासका क्षेत्रका पुऱ्याएको योगदानको निकै प्रशंसा गर्नुभएको थियो । त्यस भेटमा कतारका विदेशमन्त्री अब्दुल्रहमान बिन जसिम थानी पनि हुनुहुन्थ्यो । अमिरले आफ्ना विदेशमन्त्री समेतको ध्यानाकर्षण गराउँदै कतारमा रहेका नेपाली नागरिकलाई कामका सिलसिलामा कुनै समस्या भएमा त्यसबारे आवश्यक परामर्श र छलफल गरेर समस्या समाधानमा काम गर्नु भन्नुभएको थियो ।

कतारका अमिरले स्पष्ट रुपमा कतारको बहुआयामिक विकासमा नेपाली जनशक्तिको ठूलो सहयोग रहेकाले उनीहरुमा पर्ने कुनै पनि अप्ठेरोको अध्ययन गरेर तिनको समाधानका लागि काम गर्न निर्देशन नै दिनुभएको थियो । त्यस समय उहाँले नेपालसँगको सम्बन्धका विविध आयामहरुका साथै हाम्रा नेपाली जनशक्तिले कतारका विविध क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा पनि गर्नुभएको थियो ।

डा महतले नेपाली श्रमिकहरुले कतारका विभिन्न क्षेत्रमा काम गरिरहेका समयमा आउनसक्ने कानुनी पक्षको समाधान सम्बन्धित कम्पनीले नै गरिदियोस् भनेर आग्रह गर्नुका साथै यदि त्यसो हुन नसकेमा नेपाली दूताबास, सम्बन्धित कम्पनी र कतारको श्रम विभाग या कुनै सरकारी निकायको प्रतिनिधिसमेतको त्रिपक्षीय संयन्त्र निर्माणको प्रस्ताव गर्नुभएको थियो ।

यसो हुँदा सानातिना कानुनी समस्यामा परेका नेपाली श्रमिकहरुले समयमै आवश्यक सहयोग प्राप्त गर्न सक्ने र लामो समयसम्म झमेलामा परेर अलपत्र पर्ने अवस्थाको अन्त्य हुने भनी नेपालका तर्फबाट त्यहाँका विदेशमन्त्रीसँगको द्विपक्षीय भेटका क्रममा राख्नुभएको कुरा पनि अमिरसँगको भेटका क्रममा जानकारी गराउनुभएको थियो । पछि त्यस बारेमा के कसो भयो भन्ने विषय यो आलेखमा समेट्न सकिएन । प्रसंगबस सो भेटमा नेपालप्रति कतारका अमिरले देखाएको सदासयता र नेपाली श्रमिकले कतारमा गरिरहेको कामबारे उहाँले गर्नुभएको प्रशंसाको कुरालाई यहाँ स्मरण मात्र गर्न खोजिएको हो ।

यहाँनेर अहिलेको प्रसंग कतारका अमिरको नेपाल भ्रमणको हो । सो भ्रमणका लागि नेपालले तयारी सुरु गरेको छ । भ्रमणका क्रममा हुने विभिन्न द्विपक्षीय सम्झौताका बारेमा पनि विभिन्न मन्त्रालय र विभाग स्तरमा आन्तरिक रुपमा छलफल जारी रहेको छ । यस भ्रमणलाई नेपाल र कतारको कूटनीतिक ‘इङ्गेज्मेन्ट’का रुपमा यहाँ उल्लेख गर्न खोजिएको हो ।

नेपाल र कतारबीच सन् १९७७ को जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । नेपालले सन् २००० मा कतारमा नेपालको राजदूतावास खोलेको थियो भने कतारले नेपालमा सन् २०११ मा दूतावास राखेको हो । पछिल्ला वर्षहरुमा कतार नेपाली जनशक्तिको एक आकर्षक र प्रमुख मध्येको एक गन्तव्य स्थल बन्न पुगेको छ । तर पनि कतार यतिमा मात्र द्विपक्षीय सम्बन्धलाई सीमित गर्ने भन्दा पनि आपसी लगानी, आर्थिक कुटनीतिका साथै दुई देशका नयाँ लगानी र आर्थिक पक्षका विविध एजेण्डामा पनि अघि बढ्ने पक्षमा छ ।

सानो जनसंख्या र भुगोल रहेको यस देशले जसरी विश्वमा आफ्नो कुटनीतिक प्रभाव र प्रयासलाई अघि बढाइरहेको छ, त्यसमा नेपाल पनि एक प्राथमिकतामा रहेको मित्र राष्ट्रका रुपमा राखेको देखिएको छ । कतारका अमिरको यो भ्रमणले यस विषयलाई पुष्टि गर्ने प्रयत्न पनि गर्दछ । किनभने यसअघि नेपालमा तत्कालीन राष्ट्रपतिद्वय डा रामवरण यादव र विद्यादेवी भण्डारीबाट कतारको भ्रमण भइसकेको भए पनि उताबाट भने यसप्रकारको उच्चस्तरको भ्रमण हुन सकेको थिएन ।

कतारले आफ्नो वैदेशिक सम्बन्ध तथा कूटनीतिमा पछिल्लो समयमा प्रभावकारी बनाएको छ । कतारको अर्थतन्त्रको आधार ग्याँस र तेल हो । तर पछिल्ला केही बर्षहरुमा उसले निर्यातमुखी आयोजनाहरु पनि अघि ल्याइसकेको छ । भूगोलमा सानो भए पनि कतारले आफूलाई एक विकसित राष्ट्रका रूपमा विकास गर्दै लगेको छ ।

हामीले देख्यौं कतारले सन् २०१७ पछि नाकाबन्दीको समस्या झेल्नुपरेको थियो । नाकाबन्दीका कारण उसले गरेको सङ्घर्षबाट आन्तरिक रुपमा अर्थतन्त्रको विकास र आफ्ना आयातमुखी उत्पादनलाई विस्थापित गरेर निर्यात गर्नसक्ने अवस्थामा उद्यमशिलताको विकास गरेको छ ।

कृषिजन्य उपजहरु, डेरी तथा अन्य उत्पादनहरु अहिले कतारले ठूलै मात्रामा निर्यात गर्न सक्ने राष्ट्रका रुपमा आफूलाई उभ्याइसकेको छ । यस्तो लाग्छ उसले आफूमाथि भएको व्यवहारको आक्रोशलाई शक्ति अर्थात् सिर्जनामा बदल्ने काम गरेको भनेर पनि धेरैले व्याख्या गरेका छन् । कतारले यसलाई आफ्नो आर्थिक कूटनीतिका रुपमा पनि व्याख्या गर्न रुचाएको छ भन्न सकिन्छ ।

कतारले सन् २०२२ मा विश्वकप फुटबलको आयोजना गऱ्यो । सुरुमा सुन्दा यो सम्भव नभएको टिप्पणी पनि कतिपय देशले गरेका थिए । यसका लागि आवश्यक पूर्वाधारको काम पनि गर्नु थियो, कतारले आँट्यो । फुटबल प्रतियोगीताको आयोजना सम्भव भयो । यतिनै बेला लगभग सबै छिमेकी देशहरुबाट कतारले नाकाबन्दीको सामना पनि गर्नुपरेको थियो । खासमा उसका छिमेकीहरु नै यस प्रतियोगिता आयोजनाको विरुद्धमा थिए ।

तर कतारको कूटनीतिक प्रयास सफल भयो । सफलताकापूर्वक विश्वकप पनि सम्पन्न भयो । विश्वकप जस्तो खेलको आयोजना गरेर कतारले आफ्नो कूटनीतिक कौशलता राम्रोसँग प्रदर्शन गर्न सकेको पछि सबैले महसुस पनि गरे । कतारले आफूलाई ‘स्पोट्स डिप्लोमेसी’को प्रदर्शन गर्न पनि सफल भएको छ । यसबाट कतारले आफूले अब खेल पर्यटक आकर्षित गर्न सक्ने क्षमता पनि देखाएको छ ।

प्राकृतिक ग्यासको निर्यात गर्ने कतारले नाकाबन्दी भन्दा अघिसम्म डेरीजन्य र कृषिजन्य उत्पादनहरु आयात गर्ने गरेको थियो । तर एकाध बर्षमा कतारले यस्तो प्रगति गऱ्यो कि अहिले यी उत्पादनहरु कतारले निर्यात गर्न सकेको छ । कतारको एक महत्वपूर्ण कूटनीतिक सफलता हो भन्न सकिन्छ । यस समय अब आफैँले गर्नुपर्छ भन्ने सोचका साथ कतारले स्वदेशी उत्पादनमा पनि निकै जोड दियो ।

कतार अहिले आर्थिक कुटनीतिको विकासमा लागि परेको छ । उसले पछिल्लो समयमा यही कुटनीतिको आवश्यक सहयोग र परामर्शमा यूरोप र अमेरिकामा समेत लगानी बढाउन थालेको छ । अहिले विश्व नै आर्थिक कुटनीतितर्फ लागेको छ । यतिमात्र होइन कि कतिपय देशले त आफ्ना कुटनीतिक पहलहरुलाई आर्थिक कुटनीतिको सहारामा आफ्नो वैदेशिक सम्बन्ध एवं आर्थिक विकासका प्रयासहरुलाई अघि बढाएका छन् ।

कतारले कतार इन्भेस्टमेन्ट अथोरिटीले यूरोप र अमेरिकामा हुने लगानीलाई प्राथमिकतामा राखेको छ । यसै कम्पनीमार्फत् पछिल्ला बर्षमा अमेरिकामा यस्तो लगानी बढ्दै गएको देखिएको छ । एक समाचारका अनुसार लण्डनको हिथ्रो विमानस्थलमा समेत कतारको सेयर रहेको छ । आर्थिक कूटनीति क्षेत्रका विश्लेषकहरुले यसलाई पनि कतारको एक सफल आर्थिक कुटनीतिका रुपमा लिन सकिने बताउँछन् ।

हालै कतारमा अल्पविकसित मुलुकहरूको अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो । त्यस सम्मेलनमा अल्पविकसित देशहरुको अवस्था र ती देशलाई विकसित देशहरुले गर्नुपर्ने सहायता र संयुक्त राष्ट्रसङ्घीय दायित्वजस्ता विषयमा निकै प्रभावकारी एजेण्डाहरु पनि प्रस्तुत गरेको थियो । यतिखेर नेपाल अल्पविकसित मुलुकहरूको सङ्गठनको अध्यक्षका रुपमा रहेको छ । यस नाताले पनि नेपालले अल्पविकसित मुलुकको उत्पादनशील क्षमता अभिवृद्धि गर्न कतारसँग कुराकानी गर्नुपर्छ ।

हामीले आजका हिसाबमा कुरा गर्दा कतार नेपालीहरुको प्रमुख श्रम गन्तव्य राष्ट्र हो । एक अनौपचारिक अध्ययनअनुसार कतारबाट नेपालमा वार्षिक करिब १ खर्ब रेमिट्यान्स भित्रिन्छ । हाल कतारमा ३ लाख ५० हजार भन्दा बढी नेपाली रोजगारीमा छन् । यो वास्तविकतालाई मध्यनजर गरेर अमिरको यस आसन्न भ्रमणमा द्विपक्षीय हितका लागि आपसी विश्वासमा काम हुन सकोस् भन्ने हाम्रो अपेक्षा छ ।


*(पाठक राससका प्रधानसम्पादक हुन्)*




We hearty
welcome to His Highness
SHEIKH TAMIM BIN
HAMAD AL THANI
the Emir of the State of Qatar, here in
KATHMANDU, NEPAL
May the bond between
Qatar and Nepal last a lifetime.
Nabaraj K C
President
PARADISE
INTERNATIONAL (P.) LTD.
Family
Lalitpur -10 , Bakhundol, Kathmandu, Nepal, Email: mail@paradise.com.np


We hearty
welcome to His Highness
SHEIKH TAMIM BIN
HAMAD AL THANI
the Emir of the State of Qatar, here in
KATHMANDU, NEPAL
May the bond between
Qatar and Nepal last a lifetime.
Ram Prasad Shrestha
Chairman
Harvest Moon Travel & Tours Family
Harvest Moon Building, Gairidhara, Kathmandu, Nepal, E-mail: info@harvestmoongroup.com

# नेपाल–कतार सम्बन्धका आयामहरू



■ रेशमराज पौडेल



नेपाल र मित्रराष्ट्र कतारबीच सन् १९७७ जनवरी २१ मा कूटनीतिक सम्बन्ध स्थापना भएको हो । त्यस समयदेखि दुवै मुलुकबीचको सम्बन्ध निकै न्यानो, सौहार्द एवम् मैत्रीपूर्ण रहककदै आएको छ । नेपालबाट पटक-पटक उच्चस्तरीय भ्रमण भइरहेको अवस्थामा कतारका अमिर महामहिम तमिम विन हमाद अल थानीको यस पटकको ऐतिहासिक नेपाल भ्रमणले दुवै राष्ट्रबीचको ऐतिहासिक सम्बन्धलाई सरकारी तथा जनस्तरसम्म अत्यन्तै घनिष्ठ र थप मजबुत बनाउन महत्वपूर्ण कोशेढुंगा सावित हुने अपेक्षा गरिएको छ ।

करिब ४ लाख नेपाली युवा कार्यरत रहेको कतार नेपाली कामदारका लागि प्रमुख श्रम गन्तव्य हो । भौगोलिक क्षेत्रफलका हिसाबले साना भए पनि प्राकृतिक स्रोतसाधनमा दुवै मुलुक धनी छन् । नेपालमा जलस्रोत र प्राकृतिक सौन्दर्यको प्रचुर सम्भावना छ भने कतारमा प्राकृतिक ग्यास र तेलको विशाल भण्डार छ । आपसी सम्बन्ध र लगानीका आधारमा उपलब्ध साधन र स्रोतहरूको उच्चतम सदुपयोग गरेर दुवै देशले विश्वमा विकास र जीवनयापनको उच्चतम स्तर हासिल गर्न सक्छन् । नेपाल र कतारले धेरै अन्तर्राष्ट्रिय एजेन्डा र मुद्दाहरूमा साझा धारणा राखेका छन् । संयुक्त राष्ट्रसंघ र असंलग्न आन्दोलनका सदस्य दुवै मुलुक विश्व शान्ति, एकता र मानव जातिको साझा हितका लागि प्रतिबद्ध रहेका छन् ।

## कतारमा नेपाली कामदार

| आर्थिक वर्ष | संख्या |
|---|---|
| २०७९/८० | १३३२६२ |
| २०७८/७९ | १८४९२६ |
| २०७७/७८ | ५४९१५ |
| २०७६/७७ | ८१५६७ |
| २०७५/७६ | १६१२१५ |
| २०७४/७५ | १८३५४२ |
| २०७३/७४ | २०६९५८ |
| २०७२/७३ | २०४२४८ |

## नेपाल–कतार सम्बन्धका आयामहरू

### ■ हवाई सेवा

नेपाल र कतारबीच हवाई सेवा सञ्चालनका लागि सन् १९९८ मा समझदारीपत्रमा हस्ताक्षर भएको हो । बिश्व प्रशिद्ध कतार एयरवेजले हाल राजधानी दोहाबाट काठमाडौंसम्म दैनिक दुईदेखि तीन उडान गर्दै आएको छ । यसले वैदेशिक रोजगारीका लागि आवागमन गर्ने सहित विश्वका अन्य मुलुक भ्रमणमा जाने नेपाली सहित नेपाल भ्रमणमा आउने विदेशी पर्यटकलाई यात्रा सहजता गराएर नेपाल तथा कतार दुवैको पर्यटन प्रवर्द्धन तथा आर्थिक विकासमा सहयोग पुऱ्याएको छ । नेपाली ध्वजावाहक नेपाल एयरलाइन्स तथा नेपालकौ निजी क्षेत्रको हिमालय एयरलाइन्सले पनि नियमित उडान भर्दा हवाई यात्रा सहज भइ व्यापार तथा पर्यटन प्रवर्द्धनका महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

### ■ श्रम सम्झौता

नेपाल-कतार वीच सन् २००५ मा पहिलो पटक श्रम सम्झौता भएको थियो । यसपटक नेपाल र कतारबीच उक्त सम्झौता पुनरावलोकन गर्ने सहमति भएको सार्वजनिक भएको छ । नेपालका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री र कतारका श्रममन्त्रीबीच भएको भेटमा श्रम सम्झौता नवीकरण गर्ने सहमति भएको हो । कतार राज्यले पछिल्लो अवधिमा श्रमको क्षेत्रमा उल्लेखनीय कदम चालेको छ । प्रायोजन (स्पोन्सर) प्रणालीको अन्त्य गरी कामदारलाई रोजगारदाता परिवर्तन गर्ने स्वतन्त्रता, कामदारलाई राहदानीको वाध्यता हटाई रेसिडेन्स कार्डको कारोबार गर्ने आधिकार, कम्पनीहरूलाई बैंकमार्फत तलब भुक्तानीको अनिवार्यता, विवाद समाधान गर्न श्रम मन्त्रालयमा अदालत गठन, श्रमिकहरूलाई चिकित्सा र मनोरञ्जन सेवा प्रदान गर्ने लगायतका परिवर्तन श्रम सम्झौतामा सुनिश्चित हुनु नेपाली कामदारहरूको हित सुनिश्चितताका दृष्टिकोणले महत्वपूर्ण छ । श्रमिकको सामाजिक सुरक्षाको प्रत्याभूति, कार्यस्थल सुरक्षा, स्वास्थ्य तथा बीमाको व्यवस्था, सामाजिक सुरक्षामा सहभागिता जस्ता विषयमा पनि दुवै देशवीच सहमति बनेको छ । नेपालले कतारमा काम गरेर फर्किएका नेपालीको आर्थिक र सामाजिक पुनर्मिलनमा सहयोग गर्ने प्रस्ताव गरेको छ । नेपालबाट लैजाने कामदारको दक्षता अभिवृद्धि गर्न कतार सरकारले नेपालका सातवटै प्रदेशमा तालिम केन्द्र स्थापना गर्न सहयोग गर्ने बताएको छ । कतारको जनशक्तिको महत्वपूर्ण हिस्सा बनेका नेपाली कामदारको हकअधिकार सुनिश्चित हुँदा त्यसले कतारको श्रम कानूनमा सुधार गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धताको परिपालना र दुवै देशको उन्नति र समृद्धिमा योगदान पुर्याउने छ।कतारमा कार्यरत नेपालीहरू दुई देश र त्यहाँका जनताबीचको पुल बनेका छन् । कतारका अमिरको यस पटकको नेपाल भ्रमणलाई नेपालीहरुले कतारको समद्धिका लागि गरेको कडा मेहनत, परिश्रम र इमान्दारिताको सम्मानका रूपमा पनि हेरिएको छ ।

### ■ क्युभिसी

कतारले नेपाली कामदारलाई सहयोग गर्ने उद्देश्यले कतार भिसा सेन्टर खोलेको छ । भिसा सेन्टरले रोजगारीका लागि कतार जाने नेपाली कामदारको भिसा, स्वास्थ्य परीक्षण र कामदारको औंठा छाप लिइ भिसा सेन्टरमै कामदारले सक्कली करारपत्रमा हस्ताक्षर गर्न पाईका छन् । त्यस्तै कागजात स्क्यानिङ, मेडिकल, बिमा र भिसा प्रोसेसिङका कामहरु गर्ने गरिएको छ। कतारमा हुने ती प्रक्रिया नेपालमै पूरा भएपछि कामदार कतार पुग्नासाथ आफ्नो परिचयपत्र पाउदा उनीहरूलाई सहज भएको छ । मेडिकल, बिमा र अन्य व्यक्तिगत कागजातहरु राम्रोसँग स्क्रिनिङ गरिने भएकोले मेडिकल फेल वा अन्य विभिन्न समस्या भएका व्यक्तिहरु नेपालबाट नै कतार जान पाउने वा नपाउने विषयमा टुंगो लाग्ने हुँदा कतार पुगेर फर्किनुपर्ने समस्या हटेको छ । यसले नेपाली कामदारलाई विगतको तुलनामा ठूलो राहत मिलेको छ ।

